(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरएको )

# २०७९ साल बैशाख देखि २०७९ साल असार मसान्तमा सम्पादित प्रमुख कार्यहरूको स्वतः प्रकाशित विवतरण

**(Pro-Active Disclosure)**

## माछापुच्छ्रे गाउँपालिका


गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक,कास्की

Website: https://machhapuchhremun.gov.np/

इमेल: mpgaupalika@gmail.com suchanaadhikari@machhapuchhremun.gov.np


२०७९ साउन १२ गते बिहिबार

सूचना अधिकारी

CamScanner

१. माछापुच्छ्रे गाउँपालिकाको स्वरूप र प्रकृति

बि.सं. २०७३ साल फागुन २७ गते साविक माछापुच्छ्रे, धादींखोला, आचोक, लाहाचोक, रिभान, धिताल, धम्पुस र ल्वाङघलेल गा.वि.स. मिलि माछापुच्छ्रे गाउँपालिकाको नामाकरण गरी स्थानीय तहको रुपमा माछापुच्छ्रे गाउँपालिकाको स्थापना गरिएको हो ।

२. माछापुच्छ्रे गाउँपालिकाको काम, कर्तव्य र अधिकार

गाउँपालिकाको एकल अधिकार संविधानको अनुसूचि ८ मा उल्लेख गरिएको छ । यसैगरी संवैधानिक मर्म र प्रावधानमा प्रतिकूल असर नपर्ने गरी गाउँपालिकाको काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विस्तृत रुपमा निर्धारण गरिएकोछ । विद्यमान संविधान एवं ऐनले सुम्पिएको काम, कर्तव्य र अधिकारको सदुपयोग गरी आफ्नो क्षेत्रभित्रका सम्पूर्ण नागरिकहरु मा छिटोछरितो, प्रभावकारी, गरणस्तरयुक्त सेवा सहजरुपमा उपलब्ध गराउनु गाउँपालिकाको कर्तव्य हो । नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधार (२) र धारा २२६ बमोजिम स्थानीय तहको अधिकार देहाय अनुसार हुने व्यवस्था गरिएको छ ।

| क.स. | बिषयहरु |
|---|---|
| १. | नगर/गाउँ प्रहरी |
| २. | सहकारी संस्था |
| ३. | एफ एम सञ्चालन |
| ४. | स्थानीय कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर(, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, (मालपोत(, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन |
| ५. | स्थानीय सेवाको व्यवस्थापन |
| ६. | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन |
| ७. | स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८. | आधारभूत र माध्यमिक शिक्षा |
| ९. | आधारभूत स्वास्थ्य र सरसफाइ |
| १०. | स्थानीय वजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११. | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ |
| १२. | गाउँ सभा, गाउँ सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३. | स्थानीय अभिलेख व्यवस्थापन |
| १४. | घर जग्गा धनी पुर्जा वितरण |

सूचना अधिकारी

CamScanner

| क्र.स. | विषयहरु |
|---|---|
| १५. | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी |
| १६. | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १७. | बेरोजगारको तथ्याङ्क सङ्कलन |
| १८. | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| १९. | खानेपानी, सान जलविधुत आयोजना, वैकल्पिक ऊर्जा |
| २०. | विपद्‌व्यवस्थापन |
| २१. | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२. | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

नेपालको संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) सँग सम्बन्धित अनुसूची ८ र ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची निम्न अनुसार व्यवस्था गरिएको छ ।

(क) सहकारी

(ख) शिक्षा, खेलकूल र पत्रपत्रिका

(ग) स्वास्थ्य

(घ) कृषि

(ङ) विधुत, खानेपानी, सिँचाइ जस्ता सेवाहरु

(च) सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

(छ) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण

(ज) खानी तथा खनिज

(झ) विपद्‌व्यवस्थापनं

(ञ) सामाजिक सुरक्षा र गरिवी निवारण

(ट) व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क

(ठ) पुरातत्व, प्राचीन स्मारक र संग्रहालय

(ड) सुकुम्बासी व्यवस्थापन

(ढ) प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

(ण) सवारी साधन अनुमति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद–३ को दफा ११ को उपदफा २ बमोजिम गाउँपालिकाको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ।

(क) नगर/गाउँ प्रहरीको व्यवस्थापन

सूचना अधिकारी

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की
गण्डकी प्रदेश, नेपाल

(ख) सहकारी संस्था
(ग) एफ एम सञ्चालन
(घ) स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
(ङ) स्थानीय सेवाको व्यवस्थापन
(च) स्थानीय तथ्याङ्क अभिलेख व्यवस्थापन
(छ) स्थानीयस्तरका विकास आयोजना तथा परियोजना
(ज) आधारभूत र माध्यमिक शिक्षा
(झ) आधारभूत स्वास्थ्य र सरसफाइ
(ञ) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैकि विविधता
(ट) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ
(ठ) गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
(ड) स्थानीय अभिलेख व्यवस्थापन
(ढ) जग्गाधनी दर्ता प्रमाणपुर्जा विवरण
(ण) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशुस्वास्थ्य र सहकारी
(त) ज्येष्ठ नगरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
(थ) वेरोजगारको तथ्याङ्क सङ्कलन
(द) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियमन

**३. माछापुच्छ्रे गाउँपालिकामा रहने कर्मचारी संख्या र कार्य विवरण**

- यस गाउँपालिकाको स्वीकृत दरबन्दी १२३ जना रहेको जसमा ११३ जना कर्मचारीहरू पदपूर्ति भएको ।

**४. गाउँपालिकाबाट प्रदान गरिने सेवा**

- गाउँपालिका (कार्यविभाजन) नियमावली, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोके अनुसार

**५. गाउँपालिकामा रहेका शाखा र जिम्मेवार कर्मचारीहरू विवरण**

माछापुच्छ्रे गाउँपालिकाको कार्यक्षेत्र भित्र समाहित भएका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न गाउँपालिकामा विभिन्न शाखा/इकाईहरूको व्यवस्था गरिएको तथा उक्त शाखा/इकाईका जिम्मेवार कर्मचारीहरूको विवरण यस प्रकार रहेको छः

| क्र.सं. | शाखा/ईकाइ/कार्यक्रम | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | विष्णु प्रसाद पोखरेल | ९८५६०१७३१० |
| २. | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत | सिता शर्मा पौडेल | ९८५६०६८७८४ |
| ३. | स्वास्थ्य शाखा | स्वाथ्य संयोजक | गोविन्द प्रसाद आचार्य | ९८४६०२२७ |
| ४. | सामाजिक तथा आर्थिक विकास शाखा | अधिकृत छैठौं | मोहन प्रसाद पौडेल | ९८३७१२४३८२ |
| ५. | प्रशासन, योजना तथा अनुगमन शाखा | अधिकृत छैठौं | युवराज पौडेल | ९८५६०१७३१४ |
| ६. | शिक्षा, युवा तथा खेलकुद शाखा | शिक्षा अधिकृत | संझना पोखेल | ९८४६२१८५९१ |
| ७. | सूचना प्रविधि ईकाइ | सूचना प्रविधि अधिकृत | ई. शंकर थापा | ९८५६०८८३३३ |
| ८. | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | ईञ्जिनियर | ई. शैलेन्द्र क्षेत्री | ९८५६०३३७१० |

सूचना अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ९. | प्रधानमन्त्री रोजगार कार्यक्रम | रोजगार संयोजक | अनिल कार्की | ९८६०२०५९५० |
| १०. | कृषि शाखा | कृषि विकास अधिकृत | | |
| ११. | महिला बालबालिका तथा समाज कल्याण ईकाइ | सहायक महिला विकास निरिक्षक | रिता थापा | ९८४६२८१८१५ |
| १२. | राजश्व तथा आन्तरिक लेखा परिक्षण ईकाइ | आ.ले.प पाँचौ | कृष्ण प्रसाद गौतम | ९८४७७४९२७६ |
| १३. | भवन तथा मापदण्ड कार्यान्वयन ईकाइ | सब ईन्जिनियर | सुर्जन तिवारी | ९८४६६०२४४५ |
| १४. | सडक तथा अन्य पूर्वाधार ईकाइ | सब ईन्जिनियर | | |
| १५. | पशु सेवा शाखा | पशु सेवा प्राविधिक | रामचन्द्र पौडेल | ९८५६०३४४१३ |
| १६. | पुनर्निर्माण ईकाइ | सब ईञ्जिनियर | सुशिल राना | ९८४६०३२५२९ |
| १७. | कानूनी मामिला ईकाइ | सहायक चौथो | विष्णु कुमारी रखाल | ९८४६२६४२५१ |
| १८. | राष्ट्रिय परिचय पत्र सेवा ईकाइ तथा पञ्जिकरण ईकाइ | एम आइ एस अपरेटर | विष्णु प्रसाद भण्डारी | ९८४६३८५१३८ |

- गाउँपालिकालागि स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण यस प्रकार रहेको छ ।
- **गौउपालिकाको कार्यालयको दरवन्दी तेरिज**

| क.स. | पद | तह | सेवा | समुह | उप समुह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | बाँकी दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | ८औं | प्रशासन | सा.प्र. | | १ | | १ | |
| २ | ईन्जनियर | ७/८ औं | ईन्जिनियरिङ्ग | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सामान्य | | २ | | २ | |
| ६ | आ.ले.प. | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५ औं | प्रशासन | सामान्य | | ४ | | ४ | |
| ८ | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | | १ | | १ | रिक्त |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| १० | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र | | १ | | १ | |
| ११ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई | | १ | | १ | |
| १२ | सव ईन्जिनियर | ५ औं | ईन्जि. | सिभिल | | १ | | १ | |
| १३ | अ.सव ईन्जिनियर | चौथो | ईन्जि. | सिभिल | | १ | | १ | |
| १४ | स.महिला विकास निरिक्षक | चौथो | विविभ | | | १ | | १ | |
| १५ | खा.प.सा.टे | चौथो | ईन्जि. | | | १ | | १ | |
| | | | कार्यालय तर्फ | | | १९ | ० | १९ | |
| | | | वडा तर्फ ( ९ वडा) | | | | | | |
| १ | सहायक | पाँचौ | प्रशासन | सा.प्र. | | ४ | | ४ | |

सूचना अधिकारी

| क.स. | पद | तह | सेवा | समुह | | स्वीकृत दरबन्दी | अन्य सेवाबाट समायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | सब ईन्जिनियर | पाँचौ | ईन्जि. | सिभिल | | ४ | | ४ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ४ | २ | २ | |
| ४ | अ.सब ईन्जिनियर | चौथो | ईन्जि. | सिभिल | | ५ | | ५ | |
| ५ | मुखिया | तृतीय | प्रशासन | सा.प्र. | | १ | १ | ० | |
| | | | | | | १८ | ३ | १५ | |
| | | | | | | ३७ | ३ | ३३ | |

## ख.पशु

| क.स. | पद | तह | सेवा | समुह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | बाँकी दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत | ८/९औं | नेपाल कृषी सेवा | भेट | १ | | | रिक्त |
| २ | सहायक / पशु स्वास्थ्य प्रविधिक | पाँचौ | नेपाल कृषी सेवा | भेट | २ | | | |
| ३ | सहायक / पशु स्वास्थ्य प्रविधिक | पाँचौ | नेपाल कृषी सेवा | लो.पो.डे.डे. | १ | | | |
| ४ | सहायक / नायव पशु स्वास्थ्य प्रविधिक | चौथो | नेपाल कृषी सेवा | भेट | २ | | | |
| ५ | सहायक | चौथी | नेपाल कृषी सेवा | लो.पो.डे.डे | २ | | | |
| | जम्मा | | | | ८ | | | |

## ग.कृषीः

| क.स. | पद | तह | सेवा | समुह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | बाँकी दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत | ७/८औं | नेपाल कृषी सेवा | | १ | | | |
| २ | सहायक | पाँचौ | नेपाल कृषी सेवा | | २ | | | |
| ३ | सहायक | चौथो | नेपाल कृषी सेवा | | १ | | | |
| | जम्मा | | | | ४ | | | |

## घ. गाँउपालिका स्वास्थ्य शाखा तर्फको दरवन्दी

| | पद | श्रेणी/तह. | सेवा | समुह | गा.पा.को दरवन्दी | कैफियत | |
|---|---|---|---|---|---|---|---|
| १. | अधिकृत | ६ | स्वा.से | हेल्थ इन्पेक्सन | १ | | |
| २ | अधिकृत | ६ | स्वा.से | क.न/ज.न | १ | | |

सूचना अधिकारी

| जम्मा | | | | | २ | | |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ चौकी तर्फ ( ७ वटा स्वास्थ्य चौकी १ वटा प्राथमिक स्वास्थ्य केन्द्र ) | | | | | | | |
| क्र.स. | पद | श्रेणी/तह | सेवा | समूह | १ संस्थाको दरबन्दी | कैफियत | |
| १ | अधिकृत | ६ तह | स्व.से. | हे.ई. | १ | | |
| २ | सहायक | ज | स्व.से. | हे.ई. | १ | | |
| ३ | सहायक | ५ तह | स्व.से. | क.न. | १ | | |
| ४ | सहायक | ४ तह | स्व.से. | हे.ई. | १ | | |
| ५ | सहायक | ४ तह | स्व.से. | क.न. | १ | | |
| जम्मा | | | | | ५ | | |
| कुल स्वीकृत दरबन्दी | | | | | ११५ जना | | |

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- दस्तुर र अवधि नागरिक वडापत्रमा उल्लेख गरिएको साथै नागरिक वडा पत्र र दस्तुरको विस्तृत विवरण वेवसाइटमा पनि राखिएको ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

- वार्षिक गाउँ विकास योजना गाउँपालिकाले स्वीकृत गर्ने गरेको
- अन्य निर्णयहरू गाउँ कार्यपालिकाले गर्ने गरेको
- अन्य नियमित कामहरू शाखा प्रमुखको सिफारिसमा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय हुने ।

८. निर्णय उपर उजुरी सून्ने अधिकारी:

- अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत

९. <u>सम्पादन गरेको मुख्य मुख्य कामको विवरण:</u>

आ.व. २०७८।७९ मा प्राप्त मुख्य उपलब्धिहरु तपसिल बमोजिम रहेका छन्

## १. पूर्वाधार विकास

- वडा स्तरीय ३४४ वटा योजना मध्ये ३३३ वटा योजना सम्झौता भई २२६ वटा योजना सम्पन्न भएका छन।
- कालोपत्रे सडक - ६०० मिटर, नया ट्र्याक – २ कि.मि, ग्राभेल – ६ कि.मि, ढलान – १.९ कि.मि निर्माण सम्पन्न भएको छ ।
- सिचाई कुलो २.५ कि.मि, सडक नालि १.८ कि.मि निर्माण भएको छ।
- खानेपानी तर्फ ५ वटा खानेपानी ट्याङ्की निर्माण र ५ हजार मिटर पाइप खरिद गरिएको छ।
- ग्याविन जालि तर्फ १००० थान जालि वितरण र १५०० घनमिटर तटबन्धन निर्माण गरिएको छ।
- गाउँपालिकाको प्रशासकिय भवन हाल सम्म भौतिक प्रगति ९०% र आर्थिक प्रगति ७१% भएको छ।
- भलावट टुसे सडक, पानपाते शुक्लागण्डकी सडक र वडा न.४ को गोरु गौडा सडक सम्पन्न भएको छ।
- संघ समपुरक अन्तर्गत गा.पा केन्द्र जोगिचौर रिभान खण्डको सम्झौता भई काम सुचारु भएको छ ।

सूचना अधिकारी

CamScanner

- भिडाबारी धिताल धम्पुस सडक निर्माण कार्य ( प्रदेश समपूरक) को सम्झौता भएको छ।
- लाहाचोक खानेपानी (संघ विषेश) योजनाको सम्झौता भएको छ।
- वडागत योजना अन्तर्गत डाडो पाङदुङ्ग वडा कार्यालय हिमालिचोक पिच निर्माण कार्य सम्पन्न भएको छ।
- गोरुगौंडा गा.पा केन्द्र समिबगर सडक कार्य समपन्न भएको छ।

## २. सामाजिक विकास

- उपाध्यक्ष संग गर्भवती सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मी द्वारा गर्भवती घरभेट कार्यक्रम संचालन गरिएको छ।
- स्थागत प्रसुती दरलाई बढाउन सुत्केरी प्रोत्साहन कार्यक्रम संचालन गरीएको छ।
- सामुदायिक स्वास्थ्य सेवा इकाई स्थापना गरी ल्वांग, धम्पुस र मणिडाडामा संचालन गरीएको छ।
- स्वास्थ्य सुचना प्रणालीलाई प्रभावकारी र नियमित बनाउन DHIS-2, eTB रजिष्टर ,ELMIS नियमित समय भित्र सम्पन्न गरिने गरिएको छ।
- स्वास्थ्य क्षेत्र सुधारका कार्यक्रमहरु संचालन गर्न नव निर्वाचित अध्यक्ष ,उपाध्यक्ष र अन्य जनप्रतिनिधि ,सरोकारवाला , डाक्टर ,जन स्वास्थ्य विज्ञहरुको सहभागितामा अन्तरक्रिया संचालन गरिएको छ।
- सबै संचालनमा रहेका बर्थिङ सेन्टरहरु न्युनतम आधारभूत साधन सम्पन्न बनाई संचालन गरिएको छ।
- पालिकाको दरबन्दी मिलान सम्पन्न पछी विद्यालयमा रिक्त रहेका दरवन्दीमा करार नियुक्ति गरिएको छ।
- शिक्षण सिकाई अनुदान दरबन्दी कोटा वितरण कार्यपालिकाको निर्णय अनुसार विद्यालयलाई विज्ञापन अनुमति प्रदान गरि नियुक्त गर्ने प्रक्रिया सम्पन्न गरिएको छ।
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७८ सम्पन्न भएको छ।
- पालिकामा संचालित सम्पुर्ण सामुदायिक विद्यालयको IEMIS तथ्यांक अपडेट गरिएको छ।
- गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई आधारभूत कम्प्युटर ,तथा IEMIS तालिम प्रदान गरिएको छ।
- गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा इ-हाजिरी जडान गरिएको तथा सम्पूर्ण सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास कक्षालाई शैक्षिक सामाग्री वितरण गरीएको छ।
- गाउँपालिका स्तरीय ४८२ औ BTC Boys Scouts आधारभुत तालिम सम्पन्न गरिएको छ।
- महिला बालबालिका तथा समाज कल्याण शाखा तर्फ आर्थिक अभाव भएका १५ जना छात्राहरुको लागि उच्च शिक्षाको लागि निशुल्क छात्रवृति वितरण गरिएको छ।
- २८ जना महिलाहरुको लागि निशुल्क चारपाङ्ग्रे हलुका सवारी साधन चलाउने तालिम सञ्चालन गरिएको छ।
- ८ जना महिलाहरुलाई लैङ्गिक हिंसा निवारण कोष मार्फत राहत रकम उपलब्ध गराईएको छ।
- मागमा आधारित सिप विकास तालिम प्रत्येक वडा वडामा सञ्चालन गरिनुका साथै वडा नं ९ मा महिलाहरुको उत्पादनलाई संकलन गर्ने कोशेली घरको स्थापना गरिएको छ।
- स्थानीय बाल कोष स्थापनाका तथा प्रत्येक माध्यमिक विद्यालयहरुमा बाल क्लब गठन तथा अभिमुखिकरणका साथै कानुनी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको छ।

सुचना अधिकारी

CamScanner

- अति वृद्ध जेष्ठ नागरिकहरुलाई उज्यालो तर्फ [illegible] १३४ जना विपन्न तथा असहाय जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गरिएको छ।
- यस आर्थिक वर्ष सम्ममा क वर्गको रातो अपांगता परिचयपत्र १८७ वटा, ख वर्गको निलो परिचयपत्र ३११ वटा, ग वर्गको पहेलो परिचयपत्र ११८ वटा र घ वर्गको सेतो परिचयपत्र २२ वटा जम्मा गरि ६३८ वटा अपांग परिचयपत्र वितरण गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सिलाई मेशिन, प्लाष्टिक टनेल, आरन पंखा, कुखुराको चल्ला र दाना वितरण गरीएको छ।
- मनोपरामर्श सेवा प्रदान पश्चात २० जना सेवाग्राहि मध्ये ५ जना पहिले जस्तै गरि सामान्य अवस्थामा आउन सफल भएका छन।
- साउदीमा मृत्यु भएका २ जना कामदारको सव नेपाल झिकाई घरसम्म पुर्याउन सफल भएको तथा १७ वर्ष पछि मलेसियामा वेपत्ता भएका व्यक्तिलाइ जेलमा रहेको अवस्थामा पत्ता लगाई उद्दार गरी यहाँ घरसम्म ल्याउन सफल भएका छौ।
- रिटर्नी स्वयंसेवक मार्फत माछापुच्छ्रे गाउँपालिकाका सम्पुर्ण वडाहरुका विभिन्न टोलहरुमा गई ९९० घरधुरीमा ११९१ महिला र १७३७ पुरुष गरि जम्मा २९२८ जना व्यक्तिलाई बैदेशिक रोजगार सम्बन्धि सहि सुचना, सिपतालिमको महत्व र उपलब्धता तथा ठगी, वेपत्ता र मृत्युका केशहरुमा न्यायका लागी सहजीकरण गर्नका लागी सुचना केन्द्र बारे जानकारी दिई बैदेशिक रोजगारीलाई लाई सुरक्षित वनाउन प्रयास गरिएको छ।
- सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्वन्धि कार्य सबै वडा कार्यालयहरुमा अनलाइन गरिएको र दर्ता गर्न छुट भएका नागरिकका सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्वन्धिकार्य घुम्ति शिविर सञ्चालन गरि दर्ता गरिएको छ।

## ३. आर्थिक विकास

- कृषि सेवा तर्फ तरकारीको उत्पादन विस्तारका लागि तरकारी पकेट कार्यक्रम (६० वटा टनेल निर्माण )संचालन गरिएको छ।
- बेमौसमि तरकारी तथा .नसर्री व्यवस्थापन र प्राङ्गारिक मल व्यवस्थापन सम्बन्धि तालिम संचालन गरिएको छ।
- माछापुच्छ्रे गाउँपालिकाका सवै वडामा मौसमी तथा बेमौसमी तरकारी विस्तारका लागि ५०% अनुदानमा २३० वटा प्लाष्टिक घरको लागि प्लाष्टिक सिट वितरण गरीएको छ।
- प्राङ्गारीक खेतिलाई प्रोत्साहन गर्नको लागि दुइ वटा भर्मी कम्पोष्ट उत्पादन गर्ने कृषकलाई अनुदानमा भर्मी वेड निर्माण सम्पन्न गरिएको छ।
- हिउदे फलफुल विरुवा प्रवर्द्धन कार्यक्रमको अन्तर्गत ५०० ओखर ५०० र किविको विरुवा वितरण छ।
- उत्पादन रेकर्डको लागि २० वटा बालि कटानि कार्यक्रम सम्पन्न गरिएको छ।
- ५० प्रतिशत अनुदानमा ४७ बटा मौरी घार वितरण गरिएको छ।
- कृषकको माग अनुसारको ५०० के.जी मकै र ३००० के.जी गहुँको वीउ वितरण गरिएको छ।
- दुग्ध उत्पादक कृषकहरुलाई उत्पादनका आधारमा प्रोत्साहान अनुदान प्रदान गरिएको छ।

सूचना अधिकारी

- व्यवसायिक पशुपालक कृषक, फार्म र दुग्ध [illegible] सहकारी संस्था लि. हरूलाई ५०% अनुदानमा घाँसको बीउ र च्यापकट्टर वितरण गरिएको छ।
- स्वस्थ्य पशु ,स्वस्थ्य उत्पादन र समृद्ध किसानको [illegible] गाई भैंसीलाई खोरेत र भ्याकुने रोगविरुद्ध निशुल्क खोप कार्यक्रम संचालन गरिएको छ।
- भेडा बाख्राको लागि निशुल्क पि.पि आर खोप कार्यक्रम संचालन गरिएको छ।
- राष्ट्रिय मिसन कार्यक्रम अनुसार गाई भैंसीमा कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिएको छ।
- बाख्रा पकेट कार्यक्रम संचालन सगसगै यस गाउँपालिका भित्रका ४ वटा कृषक समुह र सहकारीहरुलाई ८ वटा बोयर बोका, १३ वटा खोर सुधार र निशुल्क बाह्य परजिवि विरुद्ध डिपिङ्ग टयाङ्ग वितरण गरिएको छ।
- नयाँ लघु. उद्यमीतर्फ छनोट भएका व्यवसाय (सिलाइ कटाई, हातेकढाई, तरकारी खेती, बाख्रापालन, कुखुरापालन, दाना उत्पादन, दुधजन्य परिकार उत्पादन) सम्बन्धि ९२ जनालाई प्राविधिक सिप विकास तालिम प्रदान गरिएको।
- स्तरवृद्धितर्फ वस्तु विविधिकरण तथा डिजाइनसम्वन्धि (मुडा बुनाई, खादिभाङरा, अचार बनाउने र होजियारी) ९० जनालाई प्राविधिक सिप विकास तालिम प्रदान गरिएको छ।
- यस आ.ब मा कृषि फर्म तर्फ १२९ वटा र अन्य व्यवसाय तर्फ ६८ वटा गरि जम्मा १९७ वटा व्यवसाय दर्ता तथा २८३ वटा व्यवसाय नविकरण भएका साथै हालसम्म १०७६ व्यवसाय दर्ता भएका छन।

## ४. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

- गाउँपालिकाको कर्मचारी प्रशासनलाई समसामयिक रूपमा सुदृढ, सक्षम, चुस्त र दुरूस्त तुल्याउन विद्यमान शाखा/इकाईहरूको कार्यक्षेत्र, कार्यक्रम, कार्यप्रकृति, कार्यवोझ र औचित्यताको आधारमा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) कार्य सम्पन्न भएको छ ।
- गाउँपालिका, विभिन्न शाखाहरू, वडा कार्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र सामुदायिक विद्यालयहरूको सेवा प्रवाहमा प्रभावकारीता ल्याई कार्यालय तथा विद्यालयहरूमा कर्मचारी तथा शिक्षकहरू समयमा उपस्थित नहुने प्रवृतिलाई न्यूनीकरण गर्न, सबै कर्मचारी उपस्थिति र छुट्टी व्यवस्थापन रेकर्डलाई केन्द्रीकृत रूपमा भण्डारण गर्न, कर्मचारी तथा शिक्षकहरूको उपस्थितिका आधारमा कार्य सम्पादन मूल्यांकनको सूचकको रूपमा प्रयोग गर्नको लागि यस गाउँपालिका, वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू र माध्यमिक विद्यालयहरूमा Centralized E- Attendance System जडान कार्य सम्पन्न भएको छ ।
- गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रावहीकरण सुनिश्चित गर्दै समावेशी विकास र स्थानीय शासन प्रणालीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्नको लागि गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति (GESI Strategy) तयार पारिएको छ ।
- गाउँपालिकाको मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमतामा क्रमिक रूपमा बृद्धि गरी नागरिक प्रति पूर्णरूपमा उत्तरदायी स्थानीय सरकार निर्माण गर्न गाउँपालिकाको ३ वर्षे क्षमता विकास योजना तयार पारिएको छ ।

सूचना अधिकारी

CamScanner

- नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्वन्धी अधिकारको प्रयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा सबल, सक्षम, समृद्ध र आत्मनिर्भर बनाउन राजश्वका सबै सम्भावना र क्षेत्रहरूको खोजी गर्दै प्रगतिशील एवम् समतामूलक ढंगले कर तथा सेवा शुल्कका दरहरू निर्धारणको लागि गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार पारिएको छ ।
- गरिव परिवारको पहिचान गरी परिचय पत्र वितरण गर्ने नेपाल सरकारको कार्यक्रम वमोजिम गाउँपालिकाका सम्पूर्ण वडाहरूबाट तथ्यंक संकलन गर्ने कार्य सम्पन्न गरिएको छ ।
- २२ वटा उजुरी दर्ता भएकोमा ५ वटा उजुरी किनारा लगाईएको छ।
- माछापुच्छ्रे गाउँपालिकाका वडाहरुमा कानुनी सचेतना र माध्यामिक विद्यालयहरुमा न्यायिक समिती सँग विद्यार्थी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व २०७८/७९ मा यस माछापुच्छ्रे गाउँपालिकामा ३१० जना वेरोजगार व्यक्ती सूचिकृत गरिएको र ति सूचिकृत वेरोजगारलाई रोजगार दिन विभिन्न शिर्षकका २३ वटा "यूवा रुपान्तरणका लागि पहल आयोजना "संचालन गरिएको साथै उल्लेखित आयोजनामा ११० जना सूचिकृत वेरोजगारलाई कुल ५८१६ दिनको रोजगारी उपलब्ध गराइएको छ।
- यस अवधिमा १ वटा गाउँ सभा र ४ वटा कार्यपालिकाका बैठक सम्पन्न भएका छन्,
- यस अवधिमा' ६ वटा कर्मचारी बैठक सम्पन्न भएका छन्
- आर्थिक बर्ष २०७८/७९ को दोस्रो चौमासिकमा सञ्चालन गरेका विभिन्न योजना तथा कार्यक्रमहरू, गाउँपालिकाको समग्र सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा मिति २०७९।०२।२५ गते सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

१०. **संकलित राजश्व विवरणः** यस अवधिमा गाउँपालिका र वडा कार्यालयहरूबाट संकलित आन्तरिक राजश्वको विवरण यस प्रकार रहेको छः

| क.सं. | विवरण | गाउँ कार्यपालिका को कार्यालय | १ नं वडा कार्यालय | २ नं वडा कार्यालय | ३ नं वडा कार्यालय | ४ नं वडा कार्यालय | ५ नं वडा कार्यालय | ६ नं वडा कार्यालय | ७ नं वडा कार्यालय | ८ नं वडा कार्यालय | ९ नं वडा कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सम्पत्ति कर | ० | १,२८०.०० | ४,२४५.०० | १५७.५ | २,०२८.०० | ४,३५०.०० | ३,७९२.५० | २३६.५ | २,९७७.०० | ० |
| २. | व्यवसाय कर | ४८,२२५.० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३. | भुमि तथा मालपोत कर | ० | ८,६६८.३३ | ११,९३५.०५ | ४,८०५.२९ | १०,८२८.६८ | १४,४३७.४४ | १४,९९३.९३ | २०,१५३.८८ | १२,९४१.३८ | ४,१४३.२४ |
| ४. | भुमि तथा मालपोत कर | ० | २० | ० | १,५४०.०० | ० | ० | ० | ३२० | ९६५ | ० |
| ५. | घर बहाल कर | ८३,१३३.२२ | ३,०००.०० | ० | १८,१२७.०० | ० | ० | ६,०००.०० | १५,०००.०० | ० | ० |
| ६. | अन्य मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० | ० | ० | २०० | ० |
| ७. | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ० | ० | ० | ० | ० | ५०० | ० | ० | ० |
| ८. | अन्य निकाय बाट प्राप्त लाभांश | ० | ० | ० | ० | ० | ० | ० | ० | १,४००.०० | ० |

सूचना अधिकारी

CamScanner

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९. | विद्युत सेवा शुल्क | ० | ० | ५०० | ० | ० | [illegible] | ० | ० | ० | ० |
| १०. | न्यायिक दस्तुर | १०० | ० | ० | ० | ० | [illegible] | ० | ० | ० | ० |
| ११. | अन्य प्रशासनिक सेवा शुल्क | ८,०९०.०० | ० | ० | ० | ६०० | ० | ० | ० | २०० | १,०००.०० |
| १२. | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ० | ० | २,७००.०० | ३,४००.०० | ३,६००.०० | १,४००.०० | २०० | ० | ० |
| १३. | अन्य दस्तुर | ७,५००.०० | ९,०२०.०० | ६१,६८०.०० | १,०००.०० | १०,०००.०० | १४,१००.३२ | ८,१००.०० | ३९,४८०.०० | ६,२००.०० | ३,०००.०० |
| १४. | सिफारिस दस्तुर | ८४,३००.०० | ४७,७००.०० | १०८,४००.०० | ३४,२००.०० | ११५,०००.०० | २३,१००.०० | ५७,२००.०० | ७१,७००.०० | ८२,३५०.०० | ३८,७००.०० |
| १५. | नाता प्रमाणित दस्तुर | ० | ९,४००.०० | ९,६००.०० | ४,९००.०० | १४,०००.०० | ३,२००.०० | ७,५००.०० | १४,५००.०० | ११,४००.०० | ३,१००.०० |
| १६. | अन्य सेवा शुल्क | ० | ८० | ६० | ० | ४०० | ० | २० | ० | ० | ४०० |
| १७. | नक्सापास दस्तुर | १२५,८६३.५४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १८. | घरधुरी कर | ० | ४,२००.०० | ० | ० | २,९५०.०० | ० | ० | ० | ० | ८५० |
| १९. | अखेटोपहारमा लाग्ने कर | ० | १५,००१.०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २०. | अन्य राजस्व | ० | ० | ० | ० | ० | ० | ३,०००.०० | ० | ० | ० |
| २१. | प्रशासनिक दण्ड जरिवाना र जफत | १०,०००.० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ३,६७,२११.७६ | ९८,३६९.३३ | १,९६,४२०.०५ | ६७,४२९.७९ | १,५९,२०६.६८ | ६२,७८७.७६ | १,०२,५०६.४३ | १,६१,५९०.३८ | १,१८,६३३.३८ | ५१,१९३.२४ |
| कुल जम्मा | १३,८५,३४८.८० | | | | | | | | | | |

११. अध्यक्ष, उपाध्यक्ष, प्रवक्ता, प्रमुख प्रशासकीय अधिकृत र सूचना अधिकाकरीको नाम र पदः

- अध्यक्षः मिन बहादुर गुरुङ्ग
- उपाध्यक्षः सीता अधिकारी
- प्रवक्ताः गणेश आचार्य
- प्रमुख प्रशासकीय अधिकृतः विष्णु प्रसाद पोखरेल
- सूचना अधिकारीः युवराज पौडेल (अधिकृत छैठौं)

१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

अवधिमा देहाय बमोजिमका ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरू पारित भएका छन्

❖ विनियोजन ऐन, २०७९

❖ आर्थिक ऐन, २०७९

सूचना अधिकारी

CamScanner

१३. व्ययको विवरणः आ.व. २०७८।०७९ को असार मसान्तसम्मको व्ययको विवरण यस प्रकार रहेको छः

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ ... रु. हजारमा

| | नाम | बजेट | | | | | | खर्च (%) | मौज्दात | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | | चालु | पूँजीगत | जम्मा |
| १ | माछापुच्छ्रे गाउँपालिका | १३,०१,४४ | १०,०५,०२ | २३,०६,४७ | ९,८०,३६ | ५,४४,५५ | १५,२५,९२ | ६६.१६ | ३,२१,०७ | ४,५९,४७ | ७,८०,५४ |
| २ | वडा नं.१ | २५,८९ | १,२९,३० | १,५५,१९ | २४,०३ | १,१७,०२ | १,४१,०६ | ९०.८९ | १,८५ | १२,२८ | १४,१३ |
| ३ | वडा नं.२ | ३७,८६ | १,३३,५२ | १,७१,३८ | ३०,९२ | १,२८,८४ | १,५९,७७ | ९३.२२ | ६,९३ | ४,६७ | ११,६१ |
| ४ | वडा नं.३ | २१,०९ | १,२८,२५ | १,४९,३४ | १८,२१ | १,१६,३६ | १,३४,५७ | ९०.१२ | २,८७ | ११,८८ | १४,७६ |
| ५ | वडा नं.४ | १३,९० | १,१०,५६ | १,२४,४७ | १०,२८ | १,०५,०२ | १,१५,३० | ९२.६३ | ३,६२ | ५,५४ | ९,१६ |
| ६ | वडा नं.५ | १९,८१ | ७८,०० | ९७,८१ | १८,१३ | ७३,६६ | ९१,७९ | ९३.८४ | १,६८ | ४,३३ | ६,०२ |
| ७ | वडा नं.६ | ३१,४९ | ९६,४१ | १,२७,९० | २५,०७ | ८५,३२ | १,१०,४० | ८६.३२ | ६,४१ | ११,०८ | १७,४९ |
| ८ | वडा नं.७ | २०,४४ | ८३,४५ | १,०३,८९ | २०,३४ | ७१,३८ | ९१,७२ | ८८.२९ | ९ | १२,०६ | १२,१६ |
| ९ | वडा नं.८ | २२,९४ • | ८४,२३ | १,०७,१७ | २०,६८ | ८०,४९ | १,०१,१८ | ९४.४१ | २,२५ | ३,७३ | ५,९८ |
| १० | वडा नं.९ | १८,८९ | ९१,३० | १,१०,१९ | १८,५९ | ८४,८० | १,०३,३९ | ९३.८३ | २९ | ६,४९ | ६,७९ |
| ११ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २५,६२,९० | २,२६,९४ | २७,८९,८४ | २२,७६,९८ | १,४७,२४ | २४,२४,२३ | ८६.९ | २,८५,९१ | ७९,६९ | ३,६५,६० |
| १२ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ० | १,६२,०० | १,६२,०० | ० | ० | ० | ० | ० | १,६२,०० | १,६२,०० |
| १३ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | ० | १,३७,०० | १,३७,०० | ० | १,०५,१४ | १,०५,१४ | ७६.७५ | ० | ३१,८५ | ३१,८५ |
| १४ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | ० | १,००,०० | १,००,०० | ० | ० | ० | ० | ० | १,००,०० | १,००,०० |
| जम्मा | | ४०,७६,६६ | २५,६६,०२ | ६६,४२,६८ | ३४,४३,६४ | १६,६०,८८ | ५१,०४,५३ | ७६.८४ | ६,३३,०२ | ९,०५,१३ | १५,३८,१५ |

## १४. गाउँपालिकामा परेको सूंचना माग सम्बन्धी निवेदन

आर्थिक बर्ष २०७८।०७९ को २०७९ साउन मसान्तसम्ममा प्राप्त सूचना माग सम्बन्धी निवेदन १० वटा परेकोमा १० वटा कै सूचना उपलब्ध गराइएको ।

मितिः २०७९।०४।१२

सूचना अधिकारी

CamScanner